# बरेङ गाउँपालिका बजार अनुगमन प्रतिवेदन

## २०८०

२०८० असोज ४ गते

बरेङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हुग्दिशिर बागलुङ

**पृष्ठभूमी :** बरेङ गाउँपालिकाद्वारा गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७६ को अधिनमा रही बरेङ गाउँपालिका वडा नं. ५ सुखौरा स्थित विभिन्न खाद्यान्न पसलहरुमा बरेङ गाउँपालिका अध्यक्ष कृष्ण प्रसाद शर्मा, अनुगमन समिति संयोजक एवं गाउँपालिका उपाध्यक्ष दिलिप कुमार पुन, वडा नं. ५ का वडा अध्यक्ष अमर बहादुर शेरबुजा, गाउँपालिका प्रवक्ता तुफान पुन, प्रमुख प्रशासकीय अधिकृत जित बहादुर राना, प्रहरी हवल्दार श्याम बहादुर राना लगायत गाउँपालिकाका कर्मचारी र प्रहरीको संलग्नतामा मिति २०८० असोज ४ गते अनुगमन गरिएको थियो । अनुगमनका क्रममा देखिएका मिति नाघेका खाद्य वस्तु, लगायत अन्य वस्तुस्थितिलाई समेटी यो प्रतिवेदन तयार गरिएको हो ।

**उद्देश्य :** दर्ता बिना सञ्चालन गरिएका व्यवसायिक खाद्य पसलहरुलाई नियमन गरी स्थानीय तह र कर कार्यालयमा दर्ताको दायरामा ल्याउनु, म्याद नाघेका वस्तुहरु राखेको पाईएमा नष्ट एवं एक पटक साटफेर गर्ने मौका दिइ सामाग्रीको समयसीमाका विषयमा ज्ञान दिनु, म्याद नाघेका सामाग्री प्रयोग गर्दा मानव स्वास्थ्यमा पर्ने नकरात्मक असरहरुको विषयमा जनचेतना दिनु यस अनुगमनको मुख्य उद्देश्य रहेको थियो ।

**कमिकमजोरीहरु :** बरेङ गाउँपालिका वडा नं. ५ सुखौरा आफैमा विकट स्थान भएको हुँदा यहाँ जनचेतना लगायत सामाग्रीको समय सिमाको विषयमा उपभोक्ता लगायत व्यवसायीलाई समेत प्रचुर ज्ञान नभएको पाईयो । पसल सञ्चालन भन्दापनि निर्वाह फुकाउने हिसावले संचालन गरिएका पसलहरु दर्ताको दायरामा कम मात्रामा आएको पाईयो भने खाद्य र अखाद्य वस्तुहरुको उचित व्यवस्थापन नगरेको पाईयो । छिटो म्याद सकिने सामाग्रीहरुको विषयमा उचित ज्ञान नभई धेरै मात्रामा खरिद गरि बढी मात्रामा नष्ट गर्नु परेको थियो ।

**उल्लेखित अनुगमनमा देखिएका समस्याहरुलाई यसरी चित्रण गर्न सकिन्छ ।**

| क्र.सं. | पसलको नाम | नष्ट गरिएका सामाग्रीहरु | दिइएका सुझावहरु | दर्ताको अवस्था |
|---|---|---|---|---|
| १ | किसानी सानो मिल | सुजी १० पोका (५०० ग्राम) | मूल्यसुची, साइनबोर्ड राख्नुपर्ने, व्यवसाय दर्ता गर्नुपर्ने | नभएको |
| | | चिजबल २० | | |
| | | ललिपप १६ | | |
| | | जिरा ७ (२०० ग्राम) | | |
| | | टफी १ प्याक | | |
| | | प्राउन १ प्याक | | |
| | | दालमोठ ८ प्याक | | |
| | | बिस्कुट ३ प्याक | | |
| | | फ्रुटी ३ कार्टुन | | |
| | | लिचि जुस १ प्याक | | |
| | | सोनापडी १ जग | | |
| २ | थापा किराना पसल | सुजी २ पोका (५०० ग्राम) | मूल्यसुची, साइनबोर्ड राख्नुपर्ने, व्यवसाय नविकरण गर्नुपर्ने | भएको तर प्रमाण पत्र हराएको |
| | | चाउमिन मसला ४ पोका | | |
| | | जिरा ४ पोका | | |

| क्र.सं. | पसलको नाम | नष्ट गरिएका सामाग्रीहरु | दिइएका सुझावहरु | दर्ताको अवस्था |
|---|---|---|---|---|
| | | खुर्सानी पाउडर ३<br>सब्जी मसला १<br>कुरुम कुरुम चिउरा ४ पोका | | |
| ३ | किशोर किराना पसल | म्याद नाघेका सामाग्री नभएको | मूल्यसुची, साइनबोर्ड बनाउनुपर्ने व्यवसाय दर्ता गर्नुपर्ने, स्थायी लेखा नं. लिनुपर्ने, खरिद बिल लिनुपर्ने | नभएको |
| ४ | दिप्सन एण्ड दिपिका किराना पसल | सुजी २१<br>भुजा १७ | मूल्यसुची, साइनबोर्ड बनाउनुपर्ने व्यवसाय नविकरण गर्नुपर्ने, स्थायी लेखा नं. लिनुपर्ने, खरिद बिल लिनुपर्ने | व्यवसाय नविकरण नभएको |
| ५ | ..... किराना पसल (निशा पुन शेरपुर्जा) | म्याद नाघेका सामाग्री नभएको | व्यवसायको नामाकरण लगायत दर्ता नभएको, स्थायी लेखा नं. लिनुपर्ने, खरिद बिल लिनुपर्ने, मुल्यसुची, साइनबोर्ड बनाउनुपर्ने | दर्ता नभएको |
| ६ | रामु किराना पसल | म्याद नाघेका सामाग्री नभएको | मूल्यसुची, साइनबोर्ड बनाउनुपर्ने, स्थायी लेखा नं. लिनुपर्ने, खरिद बिल लिनुपर्ने | भएको |
| ७ | मुस्कान किराना पसल | ठूलो भुजा ५, सानो भुजा ३० जिरा १७/५० ग्राम पापड २ | मूल्यसुची, साइनबोर्ड बनाउनुपर्ने, स्थायी लेखा नं. लिनुपर्ने, खरिद बिल लिनुपर्ने | वडा कार्यालयमा मात्र भएको |
| ८ | अग्नी तथा आदित्य किराना तथा गाउँले .. | बेसन ३, भुजा २०, आटा ६, सुजी ३०, तेल सर्व शक्ती १७, मम मसला ५, पानीपुरी मसला ६, चटपट मसला ५, फ्रुटी २, चिकेन भुजिया १, कोकाकोला १, | मूल्यसुची, खरिद बिल लिनुपर्ने, डिजिटल तराजु राख्नुपर्ने | भएको |

| क्र.सं. | पसलको नाम | नष्ट गरिएका सामाग्रीहरु | दिइएका सुझावहरु | दर्ताको अवस्था |
|---|---|---|---|---|
| | | तिल सेतो ५, अंकुर तेल १२, साजन तेल २०, रौनक मादा तेल २०, मिटमसला २, आटा खोलेको ठूलो १, जुस ४९ | | |
| ९ | बिनय किराना पसल | सुजी १४ (५०० ग्राम), मैदा ५ के.जी. | मूल्यसुची, साइनबोर्ड बनाउनुपर्ने, व्यवसाय नविकरण गर्नुपर्ने, खरिद बिल लिनुपर्ने | भएको |
| १० | रमेश किराना पसल | प्याड ६, धनिया ३ | मूल्यसुची, व्यवसाय नविकरण गर्नुपर्ने, खरिद बिल लिनुपर्ने | भएको नविकरण गर्नुपर्ने |
| ११ | सिमाना सृष्टि किराना पसल | सोया सस ७५० मि लि | मूल्यसुची, साइनबोर्ड राख्नुपर्ने, खरिद बिल लिनुपर्ने | भएको |

**निष्कर्षः** स्थानीय बजारमा म्याद नाघेका सामाग्रीहरु पाइनुमा भएका साना व्यवसायीको मात्र दोष नभई सप्लायर्सको समेत दोषी रहेको पाईयो म्याद सकिन लागेका सामाग्रीहरु दुर्गम क्षेत्रमा पठाउँदा केही समय मात्र म्याद रहने र साना व्यवसायीलाई सामाग्रीको म्यादको विषयमा ज्ञान नभई सामानहरु नष्ट गर्नुपरेको कारण साना व्यवसायीलाई सामाग्रीको म्यादको विषयमा अभिमुखीकरण गर्नुपर्ने देखिन्छ । सामाग्री पठाउँने सप्लायर्सहरालाई समेत सचेत गराउनुपर्ने देखिन्छ ।